नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

मितिः- २०७५/११/२१

## १. झुट्टा तथा नक्कली विजक विक्री गरी राजस्व छलि गर्ने मुख्य व्यक्ति जयकिशोर साह, परमेश्वर साहलाई पक्राउ गरी अनुसन्धान सम्पन्न गरी ति २ जना सहित २४ वटा फर्मका संचालक समेतलाई १ अर्व ७५ करोड विगो कायम गरी काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता ।

विभागले नक्कली तथा झुट्टा मूल्य अभिवृद्धि कर विजकवाट ठूलो परिमाणमा कर छलि भइरहेको छ भन्ने विषयमा विभिन्न पक्षवाट सूचना प्राप्त गर्ने एवं विश्लेषण गर्ने काम गर्दै आएको थियो । त्यस पछिको लामो अध्ययन, विश्लेषण तथा सुक्ष्म अनुसन्धानको प्रयासबाट झुट्टा तथा नक्कली विल विजकहरुको कारोबार गर्ने २ जना व्यक्तिहरुलाई पक्राउ गरि तिनीहरुलाई अनुसन्धानको दायरामा ल्याए पछि यस घटनाको गहिराइमा पुग्ने बाटो खुलेको थियो । निम्न स्तरका मजदुरहरुलाई आर्थिक प्रलोभनमा पारी तिनिहरुको नाममा फर्म कम्पनी दर्ता गराई तिनिहरुको नाममा बैक वित्तिय सस्थामा खाता खोली खाता संचालन ति मजदुर वा नक्कली विलको कारोवार गर्ने व्यक्तिले आफुलाई कर्मचारीको रुपमा प्रस्तुत गरि दुवै जनाको दस्तखत कार्ड पेश गरि कुनै एक जनाको दस्तखतवाट बैक कारोवार संचालन गर्ने गरेको पाइयो । झुट्टा तथा नक्कली विजक लिई कर छलि गर्ने केही करदाताहरुको प्रारम्भिक अनुसन्धान पछि यसको व्यापकता र विकराल रुपमा कर छलिको गम्भिर अवस्था छ भन्ने पहिचन गरियो ।

मुल्य अभिवृद्धि करको झुट्टा तथा नक्कली कर विजक प्रयोग गरी राजस्व चुहावट गरेको सम्बन्धमा परमेश्वर साहलाई मिति २०७५।१०।०३ र जय किशोर साहलाई मिति २०७५।१०।०४ मा नियन्त्रणमा लिई विस्तृत अनुसन्धान सुरु गरिएको ।

ज्याला मजदूरी गर्ने अनपढ व्यक्तिहरुलाई प्रलोभनमा पारी निजहरुको नाममा कम्पनी खोली त्यस्ता कम्पनिबाट वास्तविक रुपमा मालबस्तुको खरिद बिक्री कारोबार नै नगरी झुट्टा बिजक जारी गरी राजस्व चुहावट गरेको ।कम्पनीको दर्तावाला व्यक्ति र अन्य कुनै एक आफू नियन्त्रित व्यक्तिलाई कर्मचारीकोरुपमा राखी खाता संचालन गर्न लगाई संगठितरुपमा राजस्व चुहावट गरेको पाइयो ।

प्रतिवादीहरु जय किशोर साह तथा मुकेश साह समेतले विभिन्न व्यक्तिहरुको नाममा ब्यापारिक फर्म दर्ता गरी गराई निजहरु सम्बद्ध तपशिलको तालिकामा उल्लेख भएका फर्महरु मार्फत् झुट्टा तथा नक्कली कर विजक जारी गरी मूल्य अभिवृद्धि कर र आयकर छली गरेको प्रमाणित भएकाले राजस्व चुहावट

(अनुसन्धान तथा नियन्त्रण) ऐन २०५२ को दफा ४ (क), (ख) र (घ) बमोजिमको कसुर गरेको देखिएकाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम दाखिला गर्नुपर्ने मूल्य अभिवृद्धि कर, सोही ऐनको दफा २९ (१ग) र २९ (२) वमोजिमको जरिवाना ऐ ऐनको दफा १९ बमोजिमको थप दस्तुर र ऐ ऐनको दफा २६ वमोजिमको ब्याज रु.**६५,४४,२८,२३७।- (अक्षरुपीः पैसठी करोड चौवालिस लाख आठ्ठाईस हजार दुई सय सैतिस मात्र)** तथा आयकर ऐन, २०५८ को दफा ४ सँग सम्बन्धित अनुसूची १ को दफा २(१) बमोजिम करयोग्य आयमा २५ प्रतिशतको दरले दाखिला गर्नुपर्ने आयकर, सोहि ऐनको दफा १२०(ख) बमोजिम शुल्क,दफा ११८ र ११९ बमोजिम ब्याज समेतले हुने जम्मा **रु.१,०९,९९,८१,९९३।- (अक्षरुपीः एक अर्ब नौ करोड उनान्सय लाख एकासी हजार नौं सय तिरानाब्बे रुपैंया मात्र)** राजस्व चुहावट गरेकाले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन २०५२ को दफा (२) (छ १) बमोजिम रु.**१,७५,४४,१०,२३०।- (अक्षरुपीः एक अर्व पचहत्तर करोड चवालिस लाख दश हजार दुई सय तीस मात्र)** बिगो कायम गरी निज प्रतिवादीलाई बिगो बापतको रकम असुल गरी सोहि ऐनको दफा २३ (१) बमोजिम बिगोको दोब्बर सम्म जरिवाना र तीन वर्ष सम्म कैद सजाय मागदावी गरी काठमाण्डौ जिल्ला अदालतमा मिति २०७५।०९।१९ मा मुद्दा दायर गरिएको ।

**तपशील**

| सि.नं. | स्था.ले.नं. | फर्मको नाम | आयकरमा कायमहुने विगो रकम रू. | मू.अ.करमा कायम हुने विगो रकम रू. | जम्मा कायमम हुने बिगो | सम्बन्धित प्रतिवादीहरु |
|---|---|---|---|---|---|---|
| १ | ६०४३९१५९१ | डि.जे. प्रोलिंक ट्रेड प्रा.लि. संचालकः रमेश मुखिया | ७६१६९५४२ | ४२५७३१४२ | ११८७४२६८४ | जय किशोर साह<br>परमेश्वर साह<br>रमेश मुखिया |
| २ | ६०४३९१६०७ | रेशम ट्रेड एण्ड सप्लायर्स प्रा.लि. संचालकः रमेश मुखिया | ८३६९४६१२ | ४५८४३७७८ | १२९५३८३९० | जय किशोर साह<br>परमेश्वर साह<br>रमेश मुखिया |
| ३ | ६०६८५०३७५ | सुप्रिम बिजनेश ट्रेड लिङ्क प्रा.लि. संचालकः तेजमुल अन्सारी | ६६७०६९९३ | ३६३३१६०७ | १०३०३८६०० | जय किशोर साह<br>परमेश्वर साह<br>तेजमुल अन्सारी |
| ४ | ६०६८६१७२८ | कामना ट्रेड एण्ड सप्लायर्स प्रा.लि. संचालकः रिजवान अन्सारी | ५४२८०२३३ | २९७५४१६९ | ८४०३४४०२ | जय किशोर साह<br>परमेश्वर साह<br>रिजवान अन्सारी |
| ५ | ६०६८०४३०१ | क्यामरी इण्टरनेशनल प्रा.लि. संचालकः रुस्तम देवान | ५७८१९६२८ | ३०७३७२६९ | ८८५५६८९७ | जय किशोर साह<br>परमेश्वर साह<br>रुस्तम देवान |
| ६ | ६०६८५०५५५ | वर्ल्ड स्टार ट्रेड प्रा.लि. संचालकः तेजमुल अन्सारी | ३४१६८८३१ | १८८६६४३८ | ५३०३५२६९ | जय किशोर साह<br>परमेश्वर साह<br>तेजमुल अन्सारी |
| ७ | ६०४३७९३०६ | श्री राईडर ईन्टरनेशनल प्रा. लि. संचालकः शोयव अन्सारी | ५२७४१२९५ | २९२३६८६९ | ८१९७८१६४ | जय किशोर साह<br>परमेश्वर साह<br>शोयव अन्सारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ६०४३०९३२१ | दिप सन इन्टरप्राइजेज प्रा. लि.<br>संचालकः ओहाव मिया अन्सारी | ५८६०४६११ | ३३२७६०८२ | ९१८८०६९३ | जय किशोर साह<br>सुर्यजित प्रसाद साह<br>ओहाव मिया अन्सारी |
| ९ | ६०४३०९३५० | एक्साईटा ट्रेडर्स प्रा. लि.<br>संचालकः ओहाव मिया अन्सारी | ९४७०९००१ | ५२९६७९८४ | १४७६७६९८५ | जय किशोर साह<br>परमेश्वर साह<br>ओहाव मिया अन्सारी |
| १० | ६०४२७२७०४ | ब्रोन्जी ट्रेड प्रा. लि.<br>संचालकः नविकरिम अन्सारी | ९७४३८३१० | ५४९३३७७३ | १५२३७२०८३ | जय किशोर साह<br>सुर्यजित प्रसाद साह<br>नविकरिम अन्सारी |
| ११ | ६०२४१०४२७ | इवन इन्टरनेशनल प्रा. लि.<br>संचालकः नरेन्द्र कुमार महतो | ६८६७०९५४ | ४३२६८२१५ | १११९३९१६९ | जय किशोर साह<br>सुबोध साह<br>नरेन्द्र कुमार महतो |
| १२ | ६०४३७९३२२ | ईन्टेल ईन्टरनेशनल प्रा. लि.<br>संचालकः शोयव अन्सारी | ८६०२५२८६ | ४७९९१९६१ | १३४०१७२४७ | जय किशोर साह<br>परमेश्वर<br>शोयव अन्सारी |
| १३ | ६०६६२९६१८ | जस्मिन सप्लायर्स प्रा.लि.<br>संचालकः हरि नारायण साह तुरहा | ४६१६११६ | ४५९३१५० | ९२०९२६६ | जय किशोर साह<br>सुबोध साह<br>हरि नारायण साह तुरहा |
| १४ | ६०६६५२१३७ | माउण्ट पिक इण्टरनेशनल<br>संचालकः चन्दन कुमार साह कानु | १६२५८०८७ | १६१७७२०१ | ३२४३५२८८ | जय किशोर साह<br>प्रदिप साह<br>चन्दन कुमार साह कानु |
| १५ | ६०६६२९३३५ | जानकीदेवी सप्लायर्स प्रा.लि.<br>संचालकः सुनिल साह तुरहा | ७०१७०११ | ६९८२१०० | १३९९९१११ | जय किशोर साह<br>सुबोध साह<br>सुनिल साह तुरहा |
| १६ | ६०६६५२१६६ | शुभ लाभ ट्रेडर्स प्रा.लि.<br>संचालकः चन्दन कुमार साह कानु | ८१६१२२४ | ८१२०६२१ | १६२८१८४५ | जय किशोर साह<br>प्रदिप साह<br>चन्दन कुमार साह कानु |
| १७ | ६०६७४७०८४ | वे टु वे बिजिनेस लिंक प्रा. लि.<br>संचालकः गोपाल प्रसाद यादव | ३६५६८७११ | १९४९०९६५ | ५६०५९६७६ | मुकेश कुमार झा<br>परमेश्वर साह<br>गोपाल प्रसाद यादव |
| १८ | ६०६७४६८१४ | अन दि वे ट्रेड प्रा.लि.<br>संचालकः गोपाल प्रसाद यादव | ३९८७०३४६ | २१३१५२५४ | ६११८५६०० | मुकेश कुमार झा<br>परमेश्वर साह<br>गोपाल प्रसाद यादव |
| १९ | ६०७६९७४१० | लक्की ट्रेड एण्ड सप्लायर्स प्रा.लि.<br>संचालकः सद्दाम हुसेन अन्सारी | ३३८८८७४८ | १८४५७९६५ | ५२३४६७१३ | मुकेश कुमार झा<br>परमेश्वर साह<br>सद्दाम हुसेन अन्सारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | ६०७६९७३७५ | गुडलक ट्रेड एण्ड सप्लायर्स प्रा.लि. संचालकः सद्दाम हुसेन अन्सारी | ३३२४४९९५ | १८१३००३४ | ५१३७५०२९ | मुकेश कुमार झा<br>परमेश्वर साह<br>सद्दाम हुसेन अन्सारी |
| २१ | ६०६७५७५९५ | डेफोडिल कन्सर्न प्रा.लि. संचालकः सोनालाल प्रसाद यादव | २९१४८१६६ | १५४९९७६५ | ४४६४७९३१ | मुकेश कुमार झा<br>परमेश्वर साह<br>सोनालाल प्रसाद यादव |
| २२ | ६०६६४५३७१ | दिक्षान्त ट्रेड प्रा.लि. संचालकः मानिर अन्सारी | १२१६८६० | १२१०८०६ | २४२७६६६ | मुकेश कुमार झा<br>परमेश्वर साह<br>मानिर अन्सारी |
| २३ | ६०६६७२४३२ | रोज विजनेश सप्लायर्स प्रा.लि. संचालकः रुस्तम अन्सारी | २९४९३७४१ | २९३४७००६ | ५८८४०७४७ | मुकेश कुमार झा<br>परमेश्वर साह<br>रुस्तम अन्सारी |
| २४ | ६०६६७२२०७ | ताभ्या इण्टरनेशनल सप्लायर्स प्रा.लि. संचालकः रुस्तम अन्सारी | २९४६८६९२ | २९३२२०८२ | ५८७९०७७४ | मुकेश कुमार झा<br>परमेश्वर साह<br>रुस्तम अन्सारी |
| **जम्मा** | | | १०९९९८१९९३ | ६५४४२८२३७ | १७५४४१०२३० | |

## २. विदेशी विनिमय अपचलन तथा हुण्डी कारोबारी गोविन्द सुब्बा र इन्द्रनारायण लिम्वु उपर रु. ३ करोड ६६ लाख विगो कायम गरी काठमाण्डौ जिल्ला अदालतमा मिति २०७५/११/१९ मा मुद्दा दर्ता ।

रिलायन्स सब रेमिट प्रा.लि.का संचालक गोविन्द सुब्बाले इन्दनारायण लिम्बु समेतको साझेदारीमा रिलायन्स सब रेमिट प्रा.लि. दर्ता गरी उक्त फर्मको मार्फतबाट मलेसियाबाट नेपाल पठाउने र ल्याउने रकम नेपाल नल्याई नेपालमै एक ठाउबाट अर्को ठाउ पठाएको कारोवार देखाई विदेशी विनिमय अपचलन गरेको देखिएको ।

प्रतिबादीले कम्प्युटर अभिलेखमा मलेसियन रिङ्गीटको नेपाली पैसासंग फरक दिन र समयको विनिमय दरले हिसाव राखिएको र त्यसमा प्रयोग गरिएका Control No. भनी कतिपय रेमिट्यान्स कम्पनीका कारोवार सम्बन्धी नेपालबाट नेपालमै रकम पठाउदा प्रयोग गर्ने विभिन्न कम्पनीबाट प्राप्त पिन कोड प्रयोग भएको र निजले समेत साथी भाईसंग लिनुपर्ने मलेसियाबाट पठाएको रकम हो भनी स्वीकार गरेको तर सो बराबर नेपाल सरकारलाई प्राप्त हुनु पर्ने विदेशी मुद्रा प्राप्त भए गरेको नदेखिदा उक्त सबै रकमको कारोवार हुण्डी गरी विदेशी विनिमय अपचलन गरेको पुष्टी हुन आएकोले निज गोविन्द सुब्बा र इन्दनारायण लिम्बु समेत उपर विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ को दफा ३, ४, ४क, ७ र ९ग विपरितको कार्य गरे गराएको कसुर देखिदा विगो **रु.३,६६,८५,२६३।५० (अक्षरुपीः तीन करोड छैसठ्ठी लाख पचासी हजार दुई सय त्रिसठ्ठी पैसा पचास** मात्र) सोही ऐनको दफा १७(१) बमोजिम विगो कायम गरी सोही ऐनको सोही दफा १७(१) बमोजिम बरामदी नगद जफत गरी प्रति व्यक्ति जनही

विगोको ३ गुणा सम्म सयाज र सोही ऐनको दफा १७ (९) बमोजिम ३ वर्ष सम्म कैद सजाय समेत हुन माग दाबी लिई २०७५।११।१९ मा काठमाण्डौमा जिल्ला अदालतमा मुद्धा दायर गरिएको ।

| सि.नं. | फर्मको नाम | प्रतिवादी | विगो | सजायको माग दावी | कैफियत |
|---|---|---|---|---|---|
| १ | रिलायन्स सब रेमिट प्रा.लि. | <u>संचालकद्वय</u><br>• गोविन्द सुब्बा<br>• इन्दनारायण लिम्बु | ३,६६,८५,२६३।५० | जनही विगोको दुइ गुणा जरिवाना र ३ वर्ष कैद | |

## ३. राजस्व चुहावट गरेको कसुरमा दिपेश कुमार यादव समेत ८ जना उपर रु.१,४२,४५,७९१।- विगो माग दावी लिइ काठमाण्डौ जिल्ला अदालतमा मिति २०७५/११/१९ मा मुद्दा दर्ता ।

प्रतिबादी हनुमन्त शंकर चौभानले संचालन गरेको सिद्धि अर्नामेन्टबाट विल विजक र पैठारी गरेको प्रज्ञापन पत्र समेत नभएको सुन २३६।७६ ग्राम र चादी १८६२ ग्राम बरामद गरिएको । रोहित पट्टेल भन्ने दादासो दत्तात्रय माने निज प्रतिबादी हनुमन्त शंकर चौभानकै पसलमा कार्यरत रहेको र निजले सहयोगीको भुमिका निर्बाह गरेको, प्रतिबादीहरु दिपेश कुमार यादव र राजन कुमार गुप्ता समेतबाट विभिन्न ब्यक्तिहरुलाई रकम जम्मा गरेको भौचरहरु बरामद भएको , निजहरुले रौतहट बस्ने मनोहर साह लगायतका ब्यक्तिहरुको माध्यामबाट पठाएको रकम हनुमन्त शंकर चौभान लगायतका ब्यक्तिहरुलाई दिने गरेको समेतबाट प्रतिबादीहरुले बैधानिक सुन चादी खरिद गरेको विल विजक र पैठारी र आयात गरेको भन्सार प्रज्ञापन पत्र पेश नगरेको हुदा चोरी पैठारी गरी राजस्व चुहावट गरी ल्याएको सुनचादी खरिद विक्री गर्ने गरेको देखिएकोमा प्रतिबादीहरु हनुमन्त शंकर चौभान, रोहीत पटेल भन्ने दादासो दत्तात्रेय माने, दिपेश कुमार यादव, राजन कुमार गुप्ता र मनोहर साहलाई राजस्व चुहावट (अनुसन्धान तथा निन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित दफा ४(क) तथा ४(ग) बमोजिमको कसुर अपराध गरेको देखिदा बरामद भएको सुन तथा चाँदिको मुल्य र नगद समेत कुल जम्मा हुने रकम **रु.२१,८७,७८५।७०** लाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम विगो कायम गरी उक्त बरामद विगो सोही ऐनको दफा ३३ बमोजिम जफत गरी निज प्रतिबादीहरुलाई सोही ऐनको दफा २३(१) बमोजिम जनही विगोको दोब्बर सम्म जरिवाना र ३ वर्षकैद हुन माग दावी गरिएको ।

यसैगरी माँ दुर्गा ज्वेलरी भाडा पसलका प्रोपाइटर दिनेश प्रसाद साहले आ.ब. २०७१।०७२ देखि आ.व २०७४।०७५ सम्म निजको सेन्चुरी बैकमा रहेको खाताको कारोवारलाई आफ्नो फर्मको कारोवारमा नदेखाई कम राजस्व तिर्ने नियतले गलत लेखा तयार गरी नेपाल सरकारलाई प्रचलित कानुन अनुसार

तिर्नु बुझाउनु पर्ने यथार्थ रकम नबुझाई राजस्व चुहावट(अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को (क),(ख) र (छ) बमोजिमको कसुर गरी जम्मा रु.६०,६४,२०९।५ बराबर राजस्व छलीगरी राजस्व चुहावट गरेको हुदा ऐ. ऐनको दफा २(छ१) बमोजिम सोही रकमलाई विगो कायम गरी विगो बमोजिमको रकम असुल उपर गराई ऐ. ऐनको दफा २३(१) बमोजिम विगोको दोब्बर सम्म जरिवाना र ३ वर्ष कैद हुन माग दावी गरिएको ।

त्यस्तै गरी प्रतिवादीहरु ओम ज्वैलर्सका प्रोपाइटर रामबाबु साह र उक्त फर्मको कारोवार गर्ने मुख्य ब्यक्ति निजकै छोरा अनिल कुमार साहले आ.ब. २०७२।०७३ देखि २०७४।०७५ सम्म नै फर्म र ब्यक्तिगत बैक खाताको कारोवारलाई आय विवरणमा नै नदेखाई बास्तविक आय लुकाई कम राजस्व तिर्ने नियतले गलत लेखा तयार गरी नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने बास्तविक रकम भन्दा कम राजस्व बुझाई राजस्व चुहावट( अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ४ को (क)(ख)(घ) र (छ) बमोजिमको कसुर गरी जम्मा **रु. ५९,९३,७९५।८१** बराबर राजस्व चुहावट गरेको देखिदा ऐ. ऐनको दफा २(छ१) बमोजिम सोही रकमलाई विगो कायम गरी प्रतिबादीहरु रामबाबु साह र अनिल कुमार साहबाट विगो असुल गरी गराई सोही एनको दफा २३(१) बमोजिम विगोको दोब्बर सम्म जरिवाना र ३ वर्षकैद हुन माग दावी गरी मिति २०७५।११।१९ मा काठमाण्डौ जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको ।

| सि.नं. | फर्मको नाम | प्रतिवादी | विगो | सजायको माग दावी | कैफियत |
|---|---|---|---|---|---|
| १ | **सिद्धि अर्नामेन्ट** | • हनुमन्त शंकर चौभान,<br>• रोहीत पटेल भन्ने दादासो दत्तात्रेय माने,<br>• दिपेश कुमार यादव,<br>• राजन कुमार गुप्ता र<br>• मनोहर साह | २१,८७,७८५.७० | जनही विगोको दुइ गुणा जरिवाना र ३ वर्ष कैद | |
| २ | **माँ दुर्गा ज्वेलरी** | • दिनेश प्रसाद साह | ६०,६४,२०९.५० | विगोको दुइ गुणा जरिवाना र ३ वर्ष कैद | |
| ३ | **ओम ज्वैलर्स** | • रामबाबु साह<br>• अनिल कुमार साह | ५९,९३,७९५.८१ | जनही विगोको दुइ गुणा जरिवाना र ३ वर्ष कैद | |
| | **जम्मा** | | **१४२४५७९१.०१** | | |

**राजस्व अनुसन्धान विभाग**
**हरिहरभवन ललितपुर**